नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०८०/०८/१६

पत्र संख्या:- ०८०/८१
चलानी नं.:- १३१

श्री Pulchowk Campus, पुल्चोक, ललितपुर ।
श्री Thapathali Campus, थापाथली, काठमाडौं ।
श्री Paschimanchal , पोखरा ।
श्री Purwanchal Campus, धरान ।
श्री Chitwan Engineering Campus, भरतपुर, चितवन ।

विषय: **सूचना र Flyer आफ्नो वेभसाइटमा तथा सूचना पाटीमा प्रकाशन गरिदिनुहुन ।**

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको आ. व. २०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार विश्वविद्यालयका विद्यार्थीहरू बीच प्रतिस्पर्धा गराउने उद्देश्य बमोजिम "विश्वविद्यालयका विद्यार्थीहरू बिच STEAM Materials निर्माण प्रतिस्पर्धा सम्बन्धी सूचना" गोरखापत्र र यस मन्त्रालयको वेभसाइटमा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । सो सूचना तथा Flyer आफ्नो सबै विभाग तथा कार्यालयहरूको सूचना पाटी तथा वेभसाइटमा प्रकाशन गरिदिनु हुन आदेशानुसार अनुरोध छ । साथै सूचना र Flyer यसै साथ संलग्न छ ।

कविता ओझा
(निरीक्षक)

श्री प्रशासन शाखा।
• सम्बन्धित विभागहरूमा जानकारी गराई क्याम्पसको website मा upload गर्ने लगाउने।
• विद्यार्थी युनियनलाई जानकारी गराउने।
८।९.

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौँ

## विश्वविद्यालयका विद्यार्थीहरू बिच STEAM Materials निर्माण प्रतिस्पर्धा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०८/१९)

यस मन्त्रालयको आ. व. २०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार विश्वविद्यालयका विद्यार्थीहरू बीच प्रतिस्पर्धा गराउने उद्देश्य बमोजिम यो सूचना प्रकाशन गरिएको छ । यस वर्षको प्रतिस्पर्धाको विषय "माध्यमिक विद्यालयहरू (कक्षा ५-१०) मा प्रयोग हुने विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित (STEAM) सिकाइ सामग्री निर्माण" रहेको छ । यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी समूहबाट निवेदन माग गरिने, प्राप्त निवेदनहरूबाट दोस्रो चरणका लागि समूह छनौट गरिने छ र विद्यार्थी समूहलाई आफ्नो सोच अनुसारको वस्तु निर्माण गर्न ४ महिनाको समय दिइने छ । दोस्रो चरणमा छनोट भएका समूहलाई "विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम संचालन सम्बन्धी कार्यविधी, २०८०" बमोजिम सहयोग रकम प्रदान गरिने छ । प्रतिस्पर्धामा सहभागि हुन चाहनुहुने विद्यार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिनभित्र कार्यालय समयभित्र आई पुग्ने गरी सोही कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा यस मन्त्रालयमा आइपुग्ने गरी वा सबै आवश्यक कागजात प्रमाणित गरेर स्क्यान गरी **innovation@moest.gov.np** मा ईमेल गरी निवेदन दिनु हुन अनुरोध छ । म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदनहरू छनौटका लागि समावेश हुने छैन । उल्लेखित कार्यविधि एवं यस वर्षको विषयसँग सम्बन्धित टि.ओ.आर. मन्त्रालयको वेभसाइट **www.moest.gov.np** बाट हेर्न/डाउनलोड गर्न सकिने छ ।

CS CamScanner

# "STEAM Materials Design Competition Among University Students"

## Who Can Apply

Students (up most 3) Studying Bachelors or above degree

## How to Participate

1st Stage – Submit your concept paper in prescribed format

2nd stage – Build STEAM materials useful for class 5-10 student

**Cost of developing STEAM material (Up to NRs.100000.00) will be reimbursed**

WINNERS

**Best 3 designs will win NRs. 30000.00, NRs.20000.00 and NRs. 10000.00 respectively**

Participating Deadline: 18th of Poush, 2080 | 3rd of January, 2024

For Details & Application Form
QR link: https://moest.gov.np/post/3_656eb312a9a9e
Contact: innovation@moest.gov.np

Organized by
Ministry of Education, Science & Technology,
Singhdurbar, Kathmandu, Nepal